नेपाली राजदूतावास, बेइजिङ
尼泊尔驻华大使馆，北京
EMBASSY OF NEPAL, BEIJING

## हराएको राहदानीमा विदेश यात्रा नगर्ने सम्बन्धी
## अत्यन्त जरुरी सूचना !

यस नेपाली राजदूतावास, बेइजिङबाट हराएका राहदानी बाहकलाई त्यसको सट्टामा नयाँ राहदानी जारी गर्ने गरिएको व्यहोरा सबैमा विदितै छ । यसरी हराएको भनिएका राहदानीहरु दुरुपयोग हुन नपाओस भन्ने अभिप्रायले दूतावासले नयाँ राहदानी जारी हुनुपूर्व हराएको राहदानीको विवरण राहदानी विभागमा पठाउने र विभागले नेपाल प्रहरीको इन्टरपोल शाखामा पठाउने र इन्टरपोल शाखाले आफ्नो सञ्जालमार्फत SLTD (Lost and Stolen Travel Dcoument) मा पठाउने हुँदा उक्त विवरण संसारभरिका अध्यागमन कार्यालयहरुमा सञ्चार हुन पुग्दछ ।

कतिपय राहदानी बाहकहरुले नयाँ राहदानी प्राप्त गरेपश्चात् पनि हराएको भनी राहदानी विभागमा अभिलेखीकरण गरेको राहदानी लिई विदेशयात्रा गर्ने गरेको पाइएको र यसले गर्दा उनीहरु विदेशका अध्यागमनहरुमा पक्राउ पर्ने, थुनामा पर्ने, विमानस्थलबाटै फिर्ता हुने जस्ता समस्याहरु देखिन गरेको परिप्रेक्षमा यसरी अभिलेखीकरण भइसकेको राहदानीमा विदेशयात्रा नगर्न सम्बन्धित सबैलाई नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

EMBASSY OF NEPAL
Beijing

नेपाली राजदूतावास
बेइजिङ
मिति: २०७३।०८।२०